# सोपान मल्टिपल कम्पनी लि.को

## विशेष साधारण सभाको निर्णय (माईन्यूट) बिवरण

**१) प्रारम्भिक**

सोपान मल्टिपल कम्पनी लि.को विषेश साधारण सभा कम्पनीका अध्यक्ष श्री डा. श्री विरेन्द्र प्रसाद महतो ज्यूको सभापतित्वमा मिति २०८३ जेष्ठ महिना २७ गते (तदनुसार १० जुन, २०२६) बुधबारका दिन अनुपम फुडल्याण्ड एण्ड ब्यांक्वेट, बत्तीसपुतली काठमाण्डौंमा सम्पन्न भयो । विषेश साधारण सभामा उपस्थिति, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण देहाय बमोजिम रहेका छन् ।

**२) उपस्थिति**

शेयरधनी दर्ता किताब अनुसार यस विषेश साधारण सभामा शेयरधनीहरुको उपस्थिती संलग्न पुस्तिका बमोजिम रहेको र सो को विवरण निम्न बमोजिम रहेको छ ।

क) उपस्थिति संचालक तथा शेयर धनिहरुको संख्याः १५७ जना (प्रतिनिधिसहित)

ख) शेयरको प्रतिनिधित्व : जम्मा १,०७,७७,९३६ कित्ता

घ) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : कुल शेयर संख्या १,५१,५८,००० कित्ताको ७१.१० %

ङ) यस सभामा सहभागि हुन पाउने कुल ३८८ शेयरधनीहरु मध्ये उपस्थित सबै शेयरधनीहरु सभामा सहभागी हुन योग्य थिए । विशेष साधारणसभाको लागि चाहिने शेयरधनीको प्रतिनिधित्व कम्पनी ऐन अनुसार गणपुरक संख्या पुगेको हुँदा सभा संचालन भएको ।

**३) सभाका विशेष प्रस्तावहरु/विषयसूचीहरू :**

१) कम्पनीको उद्देश्य संशोधन गर्न प्रबन्धपत्रको दफा ४ मा संसोधन गर्ने सम्बन्धमा ।

२) कम्पनीको पूँजी वृद्धि गर्ने र प्रबन्धपत्रको दफा ६ (क) र (ख) मा संसोधन गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा २९ बमोजिम प्रिमियम मूल्यमा शेयर जारी गर्ने सम्बन्धमा ।

४) प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट वा संशोधनको लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन सन्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

५) विविध ।

**४) सूचना प्रकाशन :**

सन्चालक समितिको मिति २०८३/०२/०९ गते बसेको बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा मितिः २०८३ जेष्ठ २७ गते बुधवार, अनुपम फुडल्याण्ड एण्ड ब्यांक्वेट, बत्तीसपुतली, काठमाडौंमा बिहान ११.०० बजे बस्ने सूचना सम्पूर्ण शेयधनीहरूलाई डिजिटल माध्यमबाट लिखित जानकारी गराइएको थियो। उक्त सूचना प्रथम पटक मिति २०८३/०२/१२ गतेको आर्थिक दैनिक पत्रिकामा र दोश्रो पटक मिति : २०८३/०२/२१ गतेको आर्थिक दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै कम्पनीको वेवसाइटमा समेत राखेको र शेयरधनीहरुको व्यक्तिगत ठेगानामा डिजिटल माध्यमबाट समेत पठाइएको थियो ।

SOPAN MULTIPLE COMPANY LIMITED
KATHMANDU-NEPAL, 2008

## ५) गणपुरक संख्या :

यस विशेष साधारण सभामा कुल शेयरधनी मध्येबाट १०० जना स्वयम र ५७ जना प्रतिनिधि मार्फत गरी जम्मा १५७ जना शेयरधनी उपस्थित भई कुल शेयर संख्याको ७१.१०% शेयरको प्रतिनिधित्वि गर्ने शेयरधनी उपस्थित भई आवश्यक गणपुरक संख्या पुगेको थियो ।

## ६) सभाको वैधानिकता तथा सभापतित्व

विधिपूर्वक डाकिएको, कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी एवं अन्य माध्यमबाट समयमै कम्पनीका सम्पूर्ण सञ्चालक/शेयरधनीहरुलाई सूचना प्रदान गरिएको आजको यस विशेष साधारण सभामा कम्पनी ऐन तथा स्वीकृत नियमावली बमोजिम आवश्यक गणपुरक संख्यामा सञ्चालक/शेयरधनीहरुको उपस्थिति रहेकाले यो सभा वैधानिक भएको ठहर गरी अध्यक्षज्यूबाट सभा संचालन प्रक्रिया अघि बढाउन अनुमती प्रदान भई प्रस्तुत प्रस्तावहरु उपर छलफल प्रारम्भ गरियो ।

## ७) सभामा छलफल तथा मन्तव्य

सभामा तपसिल बमोजिम शेयरधनी तथा प्रतिनिधिहरूको तर्फबाट छलफलमा सहभागी हुनु भई आ-आफ्नो जिज्ञासा तथा मन्तव्य राख्नु भएको थियो ।

क) प्रियाराज रेग्मी

ख) युबराज भुषाल

निजहरूले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरूको जवाफ कम्पनीका सञ्चालक श्री अशोक कुमार खड्का ज्यूले दिनु भएको थियो ।

## ८) साधारण सभाको छलफल तथा निर्णयहरू

**निर्णय नं. १ :**

कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा १ को (क) देखी (झ) सम्म रहेका उद्देश्यहरुलाई नेपाल धितोपत्र बोर्डले लगानी कम्पनीहरुलाई धितोपत्रको सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा गरेको नयाँ व्यवस्था अनुसार तोकिए बमोजिमको उद्देश्य मात्र राख्नु पर्ने भएकाले निम्न बमोजिमको उद्देश्य मात्र रहने गरी उद्देश्य संशोधन गर्ने निर्णय सभाबाट पारित गरियो ।

**प्रवन्धपत्रमा भएको संशोधन :**

**दफा ४.** कम्पनीको उद्देश्य :

उपदफा (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।

**(क)** उर्जा, यातायात, सञ्चार, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खननसंग सम्बन्धित संगठित संस्थाको संस्थापक शेयरमा लगानी गर्ने ।

**(ख)** प्रचलित कानून बमोजिम सम्बन्धित नियामक निकायले समय समयमा तोके अनुसारको क्षेत्रहरुमा स्थापना भएका वा स्थापना हुने अन्य संगठित संस्थाको संस्थापक शेयरमा लगानी गर्ने ।

**निर्णय नं. २ :**

कम्पनीले गर्ने व्यवसाय तथा कारोवारको लागि पूँजी अपर्याप्त भई अधिकृत तथा जारी पूँजी वृद्धि गर्नुपर्ने भएकाले सोही बमोजिम व्यवस्था गर्न सभामा प्रस्ताव पेश भएकोमा देहाय बमोजिम अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने निर्णय सभाबाट पारित गरियो ।

SOPAN MULTIPLE COMPANY LIMITED KATHMANDU-NEPAL, 2068

**प्रवन्धपत्रमा भएको संशोधन :**

**दफा ६ (क) :** कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,००० (तिन अर्ब) हुनेछ ।

**दफा ६ (ख) :** कम्पनीको जारी पूँजी रु. २,७५,००,००,०००/- (दुई अर्ब पचहत्तर करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले २,७५,००,००० (दुई करोड पचहत्तर लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**निर्णय नं. ३ :**

यस कम्पनीका शेयरधनीको हितलाई मध्यनजर गरी कम्पनी ऐन २०६३ को दफा २९ बमोजिम प्रिमियम मूल्यमा शेयर निष्काशन गर्ने र प्रिमियम मूल्यमा निष्काशन गर्दा संस्थापकहरुलाई निजहरुको नाममा हाल कायम भएको शेयरको बढीमा २० प्रतिशत अर्थात ३०,३१,६०० कित्तासम्मको शेयर प्रति शेयरमा रु. २५/- प्रिमियम थप गरि जम्मा प्रति शेयर रु. १२५/- का दरमा खरिदका लागि आह्वान गर्ने र मौजुदा संस्थापक शेयरधनीले खरिद नगरेको शेयर लगायत जारी पूँजीको बाँकी रहेको ३८,१०,४०० कित्ता शेयर समेत लगानीका अवसरहरुको अध्ययन तथा पूंजीको आवश्यक्तालाई मध्यनजर गरी आगामी दिनमा प्रिमियम मूल्य तय गरि प्रिमियम मूल्यमा जारी गर्न तथा प्रिमियम मूल्य वापत प्राप्त रकम छुट्टै खातामा राखी नियमानुसार उपभोग गर्ने लगायतको कार्य गर्नका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सभाबाट पारित गरियो ।

**निर्णय नं. ४ :**

यस कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट वा संशोधनको लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन सभाबाट संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सभाबाट पारित गरियो ।

**विविध :**

अन्य केही छलफलका विषयहरु नभएको जानकारी सभा सञ्चालकले सभामा गराउनु भयो ।

**९) धन्यवाद तथा सभा विसर्जन**

कार्यक्रमको अन्त्यमा, विशेष साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष ज्यूले हार्दिक धन्यवाद दिँदै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

SOPAN MULTIPLE COMPANY LIMITED
KATHMANDU-NEPAL, 2068

............................
कम्पनी सचिव

............................
अध्यक्ष

मिति : २०८३ जेष्ठ २७ गते बुधवार ।